राष्ट्रिय जनमोर्चाका अध्यक्ष का. चित्रबहादुर केसीको

# अपील

२०७९ साल बैशाख ३० गते स्थानीय तहको निर्वाचन हुन गइरहेको छ । हाम्रो पार्टीले विगत बहुदलीय कालको स्थानीय निकायदेखि गणतन्त्र स्थापना पश्चातको स्थानीय तहसम्मलाई अधिकार तथा साधन स्रोत सम्पन्न बनाउनका लागि निक्कै जोड दिंदै आएको छ । संविधान निर्माणको क्रममा हाम्रो पार्टीले जनताको स्थानीय स्वशासनको अधिकारलाई संविधानको मौलिक हकअन्तर्गत समावेश गर्नुपर्ने माग अगाडि सारेको थियो । यद्यपी यो मागलाई संविधान निर्माणमा संलग्न अन्य दलहरूले उपेक्षा गरेका कारण जनताको स्थानीय स्वशासनको अधिकारलाई मौलिक हकका रूपमा संवैधानिक व्यवस्था गर्न सकिएन । स्थानीय तहले जनतालाई प्रत्यक्ष सेवा दिने कार्य गर्नुका साथै विकास निर्माण र स्थानीय सत्ताको अभ्यासका लागि पनि यसको भूमिका महत्त्वपूर्ण रहेको छ । सङ्घर्ष, सङ्गठन, विश्व कम्युनिस्ट आन्दोलनको वर्तमान अवस्था, देशको राजनीतिक परिस्थिति आदि पक्षमाथि ध्यान दिएर नै हाम्रो पार्टी राष्ट्रिय जनमोर्चाले बैशाख ३० गते हुन गइरहेको स्थानीय तहको निर्वाचनमा भाग लिने निर्णय गरेको छ । यद्यपि विद्यमान व्यवस्था अन्तर्गत चुनावको उपयोग वा बहिष्कारको विषय एउटा कार्यनीतिक प्रश्न हो । सङ्घर्ष, सङ्गठन, देशको राजनीतिक परिस्थितिको मूल्याङ्कन गरेर चुनावलाई उपयोग वा बहिष्कार मध्ये के गर्ने ? त्यस सम्बन्धी नीति निर्धारण गर्नु पर्ने हुन्छ । विद्यमान अवस्थामा चुनावको उपयोग गर्ने नीति अपनाउनु नै सही र वस्तुवादी कार्यनीति हुनेछ ।

२०७२ सालको असौज ३ गते संविधान जारी भएदेखि नै स्थापित गणतन्त्रका विरूद्ध त्रिकोणात्मक प्रहार हुँदै आएको छ । गणतन्त्रमाथि राजावादी, भारतीय साम्राज्यवाद तथा वाम सङ्कीर्णतावादी कोणबाट प्रहार हुँदै आएको छ । सरकार सञ्चालनको अवसर पाएका गणतन्त्रवादीहरूको कुशासन र उनीहरू बीचको आपसी द्वन्द्वका कारणले जनतामा व्यापक असन्तोष छ । जनताको यो असन्तोषलाई प्रतिगामी दिशा दिने प्रयत्न भइरहेको छ । जसको परिणाम गणतन्त्रलाई कमजोर बनाइदिएको छ । प्रतिगामी कोणबाट गणतन्त्रको विकल्प खोजिदैछ । गणतन्त्रको लागि सङ्घर्ष गरेको तर पछिल्लो अवस्थामा पार्टीभित्र देखा परेको अन्तरविरोधको सिलसिलामा पार्टीको मुख्य पद र सरकारको नेतृत्वमा आफूलाई कायम राख्न एमालेको नेतृत्वमा देखा परेको प्रतिगमन अहिले मुख्य समस्याको रूपमा अगाडि आएको छ । एमाले नेतृत्वमा देखिएको प्रतिगमन निर्णायक रूपमा परास्त भएको छैन । यदि प्रतिगमनलाई निर्णायक रूपमा परास्त गर्न सकिएन भने देश प्रतिगमन वा अधिनायकवाद तर्फ जाने खतरा देखिएको छ ।

राष्ट्रियताका अगाडि दिनप्रतिदिन गम्भीर खतरा देखा परिरहेको छ । भारतीय साम्राज्यवादले नेपालमा जनसाङ्ख्यिक अतिक्रमण तीव्र पारेको छ । भारतले नेपालको झण्डै ७० हजार हेक्टर भूभाग अतिक्रमण गरेको छ । कालापानी सहितको भूभाग माथि भारतले लामो समयदेखि कब्जा गरेको छ । नेपालसँग कैयौं प्रकारका असमान सन्धि सम्झौताको माध्यमबाट तथा भारतीय स्वार्थमा नेपालको नागरिकता सम्बन्धी नीतिलाई फितलो बनाउँदै लगिएको छ । नेपालका विरूद्ध भारतका यी सबै कार्यहरूको उद्देश्य नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डता कमजोर बनाएर भारतमा गाभ्ने रणनीति रहेको छ । झन् अझ त्यसमा पनि अमेरिकाले एशियामा आफ्नो हिन्द प्रशान्त रणनीति लागु गर्न भारतलाई मुख्य सुरक्षा साझेदार मुलुक बनाएर काम गरिरहेको अवस्थामा नेपालको संसदले एमसीसी जस्तो राष्ट्रघाती सम्झौता पारित गरेका कारण राष्ट्रियतामाथि थप खतरा उत्पन्न भएको छ ।

अमेरिकाले हिन्द प्रशान्त महासागर क्षेत्र अन्तर्गका मुलुकहरूलाई आफ्नो

मोर्चामा सामेल गरेर चीनलाई एक्ल्याउने उद्देश्यले हिन्द प्रशान्त रणनीतिलाई अगाडि बढाएको छ । हिन्द प्रशान्त रणनीति अमेरिकाको एक प्रकारको सैन्य सुरक्षा रणनीति नै हो । एशिया वा अफ्रिकामा हिन्द प्रशान्त रणनीतिलाई लागु गर्न अमेरिकाले एमसीसी जस्तो विकास सहायता परियोजनालाई विकासको नाममा आफू पक्षिय, पिछडिएका तथा आर्थिक दृष्टिकोणले कमजोर मुलुकमा अगाडि बढाइरहेको छ । विकासको नाममा एमसीसी विकास परियोजनालाई अगाडि सारे पनि त्यसको उद्देश्य अमेरिकाको सुरक्षा रणनीतिलाई नै मद्दत पुऱ्याउने रहेको छ । एमसीसी हिन्द प्रशान्त रणनीति कै अंग हो । हिन्द प्रशान्त रणनीतिको मुख्य उद्देश्य नै चीन, रूस र उत्तर कोरियाका विरूद्धको मोर्चाबन्दीमा नेपाल जस्ता मुलुकलाई सामेल गर्ने रहेको छ । त्यसैले हामीले लगातार एमसीसीका विरूद्ध संयुक्त तथा एकल आन्दोलन गर्दै आएका थियौँ । आन्दोलनले पनि निक्कै माथिल्लो स्तरमा विकास गर्दै गइरहेको थियो । तर चार दलीय गठबन्धन तथा एमालेले प्रत्यक्ष तथा परोक्षरूपले एमसीसी संसदबाट पारित गराउन भूमिका खेलेका कारण आन्दोलन र राष्ट्रलाई धोका दिने तथा राष्ट्रघात गर्ने काम गरेका छन् ।

राजनीति प्रणाली फेरिए पनि जनताको जनजीवीकाका समस्या झन पछि झन विकराल बन्दै गएका छन् । अहिलेसम्मका सबै सरकारहरूले महङ्गी बढाउँदै लगेका छन् । बढ्दो बेरोजगारीका कारण लाखौँ लाख युवा विदेशमा मजदुरी गर्न बाध्य छन् । सामान्य जनताको स्वास्थ्य सेवामा पहुँचको अभावका कारण थुप्रैले ज्यान गुमाउनु परेको छ वा दीर्घरोगी भएर बाच्न विवश छन् । शिक्षामा पहुँचको अभावका कारण विभिन्न विद्यालयहरूमा विद्यार्थीहरूले बीचैमा कक्षा छोड्ने (ड्रप आउट) समस्या विकराल रूपमा देखिएको छ ।

सङ्घीयता हाम्रो मुलुकको आवश्यकता होइन । सङ्घीयताका कारण देशको राष्ट्रियता, जातीय एकता खल्बलिएको छ । सङ्घीयताका कारण देशको राष्ट्रियता र गणतन्त्रलाई कमजोर बनाउँदै लगेको छ । सङ्घीयता आर्थिक रूपले महङ्गो राजनीतिक प्रणाली भएका कारण त्यसलाई धान्न सरकारले एकातर्फ विदेशी ऋण झिक्दै जाने अर्कोतर्फ जनतामाथि अनावश्यक

कर बोझ थोपर्दै लगेको छ । सङ्घीयताको मुख्य पक्ष प्रदेश तह नै हो । त्यसैले प्रदेशको तहलाई खारेज गरेर सङ्घीयताका कारण देशमा देखा परेका समस्यालाई समाधान गर्नु पर्ने आवश्यकता छ ।

देशको गणतन्त्र, राष्ट्रियतामाथि खतरा पैदा भएको र सङ्घीयताका कारण मुलुकमाथि अनावश्यक आर्थिक बोझ थपिँदै गएको छ । राष्ट्रिय एकता खण्डित हुँदै गएकोले हाम्रो पार्टीले स्थानीयत तहको निर्वाचनको मुख्य नारा "गणतन्त्र तथा राष्ट्रियताको रक्षा गरौँ ! सङ्घीयता खारेज गरौँ !!" भन्ने तय गरेको छ । यो नाराको वरीपरी नै मुलुकको समग्र राजनीतिक परिस्थिति केन्द्रीत भएको छ ।

राष्ट्रिय जनमोर्चाबाट विजयी जनप्रतिनिधिहरूले सदैव पारदर्शी, भ्रष्टाचार रहित ढङ्गबाट, जनताप्रति जवाफदेही भएर काम गरेको गौरवपूर्ण इतिहास रहँदै आएको छ । जनताका हित विरूद्ध जाने जनप्रतिनिधिहरूप्रति पार्टीले कडा नीति अपनाउँदै पदबाट समेत बर्खास्त गर्ने गरेको छ । तसर्थ जनमोर्चाको गौरवपूर्ण तथा उज्ज्वल इतिहासमाथि दिंदा स्थानीय निर्वाचनमा हाम्रो पार्टीका उमेदवारहरू विजयी भएमा स्थानीय विकास, सेवाको कामले तीव्रता पाउने तथा पारदर्शी र भ्रष्टाचार रहित ढङ्गबाट काम अगाडि बढाउन सहज हुनेछ । त्यसैले राष्ट्रिय जनमोर्चाका उमेदवारहरूलाई राष्ट्रिय जनमोर्चाको चुनाव चिन्ह गिलासमा मतदान गरेर विजयी गराइ दिन हुन सबैमा अपील गर्दछु ।

***

*"गणतन्त्र तथा राष्ट्रियताको रक्षा गरौँ ! सङ्घीयता खारेज गरौँ !!"*

## राष्ट्रिय जनमोर्चा

# स्थानीय तह निर्वाचनको घोषणापत्र- २०७९

आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरू,

स्थानीय तहको निर्वाचन २०७९ बैशाख ३० गते हुन गइरहेको छ । त्यस सिलसिलामा सर्वप्रथम राजतन्त्रको अन्त्य गरी गणतन्त्रको स्थापनाका लागि प्राणको आहुति दिनु हुने सम्पूर्ण ज्ञात/अज्ञात वीर शहीद तथा योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्दै श्रद्धाञ्जली प्रकट गर्दछौँ ।

२०७४ मा भएको स्थानीय तहको निर्वाचनले संविधानको कार्यान्वयनका लागि महत्त्वपूर्ण भूमिका खेलेको थियो । तर आसन्न स्थानीय निर्वाचन विषम राजनीतिक परिस्थितिमा हुन गइरहेको छ । २०६२/०६३ सालको जनआन्दोलनका उपलब्धि तथा संविधान खतरामा परेको छ । ती दुईटैको रक्षाका लागि आसन्न स्थानीय तहको निर्वाचनलाई उपयोग गर्नुपर्ने र त्यसलाई सफल पार्नुपर्ने आवश्यकता छ । गणतन्त्रका विरूद्ध राजावादी शक्तिहरूले विभिन्न गतिविधि सञ्चालन गर्दै आएका छन् । त्यसैगरी निर्वाचनको माध्यमबाट बहुमत ल्याएर देशमा प्रतिगमन वा अधिनायकवाद लाद्न खोज्ने धाराको गतिविधि तथा

भूमिकाले पनि गणतन्त्रमाथि झनै खतरा पैदा गराएको छ । त्यसैले प्रतिगमन वा अधिनायकवादका पक्षधरहरूलाई तलैदेखि परास्त गरेर नै जनताको स्थानीय स्वशासनको अधिकारको रक्षा गर्नुपर्ने आवश्यकता छ । देशको राष्ट्रियतामाथि पनि गम्भीर खतरा उत्पन्न भएको छ । मुलुकको उपर्युक्त परिस्थितिमाथि ध्यान दिएर नै राष्ट्रिय जनमोर्चाले स्थानीय तहको निर्वाचनमा "गणतन्त्र तथा राष्ट्रियताको रक्षा गरौँ ! सङ्घीयता खारेज गरौँ !!" भन्ने मूल नारासहित चुनावमा भाग लिने निर्णय गरेको छ । राष्ट्रिय जनमोर्चाका उम्मेदवारहरूलाई राष्ट्रिय जनमोर्चाको चुनाव चिन्ह गिलासमा मतदान गरी विजय गराउन हामीले सम्पूर्ण जनतासँग अपील गर्दै स्थानीय तहको निर्वाचन घोषणा पत्र-२०७९ जारी गरेका छौँ ।

१. २०६२/०६३ को ऐतिहासिक जनआन्दोलनले राजतन्त्रको अन्त गरी गणतन्त्रको स्थापना गरेको छ । यद्यपि स्थापित विद्यमान गणतन्त्र अर्धसामन्ती र अर्धऔपनिवेशीक अन्तरगतकै गणतन्त्र हो । तर नेपालको सन्दर्भमा यस प्रकारको गणतन्त्र राजशाही र निरङ्कुशतन्त्रको तुलनामा मात्रात्मक रूपले ठीक भएकोले अझै त्यसको प्रगतिशील महत्त्व रहेको छ ।

   अर्धसामन्ती र अर्धऔपनिवेशिक जस्तो अर्थ सामाजिक तथा राजनीतिक व्यवस्था कायम रहेका कारण सामन्ती तथा विदेशी शक्तिबाट लगातार गणतन्त्रमाथि खतरा पैदा भइरहने स्थितिका विरूद्ध हामी सतर्क हुनुपर्ने र त्यसका विरूद्ध सङ्घर्ष गरेर नै गणतन्त्रको रक्षा गर्नुपर्ने आवश्यकता छ ।

२. नेपालमा शुरूदेखि नै राजावादी शक्तिहरू भारतीय साम्राज्यवादसँग साँठगाँठ गरेर गणतन्त्रका विरूद्ध विभिन्न गतिविधि गर्दै आएका छन् । कैयौँ अवस्थामा भारतीय साम्राज्यवादले गणतन्त्रवादी शक्तिहरूको सत्ता मोह वा महत्वाकाङ्क्षालाई पनि गणतन्त्रका विरूद्ध उपयोग गर्दै आएको छ । एमालेको नेतृत्वमा देखिएको प्रतिगनको सोचाइले देशलाई प्रतिगन वा अधिनायकवादतर्फ धकेल्ने खतरा बढेर गएको छ । आफ्नो राजनीतिक अभिष्ट पूरा गर्न एमालेको नेतृत्वमा हिन्दू धर्मलाई प्रयोग गर्ने प्रवृत्तिको

विकास भएको पाइन्छ । धर्मलाई राजनीतिक रङ दिएर अगाडि बढाउन खोज्नु अत्यन्तै प्रतिगामी र प्रतिक्रियावादी दृष्टिकोण हो । एमालेले एकातिर धर्मको फेरो समातेर अर्कोतर्फ हरेक क्षेत्रमा आफ्नो प्रभुत्व लादेर फासिवादको यात्रा गर्दै छ । हिन्दू धर्मको आडमा एमालेले अगाडि बढाउन खोजेको राजनीतिक यात्राले उसलाई नेपालप्रति भारतीय संस्थापन पक्षको रणनीतिको नजिक पुऱ्याइदिएको छ । जसको परिणाम एमालेलाई नेपालका राजावादी शक्तिहरूको राजनीतिक लाइनको नजिक पुऱ्याइदिएको छ । यो कसैबाट लुकेको छैन कि भारतको संस्थापन पक्षको रणनीति नेपालमा हिन्दूराज्य र राजतन्त्र ब्यूँताउनु रहेको छ । राजावादी शक्तिहरूले पनि त्यही चाहेका छन् । गणतन्त्र तथा धर्मनिरपेक्षताका विरूद्ध राजनीतिक रूपले एमाले, भारतीय साम्राज्यवाद तथा नेपालका राजावादीहरू एकै ठाउँमा उभिन पुगेका छन् । त्यसको परिणाम गणतन्त्र कमजोर हुँदै मुलुक प्रतिगमन वा अधिनायकवादतर्फ धकेलिने खतरा छ । त्यसैले देशलाई प्रतिगमन वा अधिनायकवादतर्फ जानबाट रोक्नुपर्ने आवश्यकता छ । यस्तो परिस्थितिमा प्रतिगमन तथा अधिनायकवाद विरोधी शक्तिहरूको संयुक्त सङ्घर्षबाट नै देशलाई सम्भावित दुर्घटनामा जानबाट रोक्न सक्दछौँ ।

३. प्रतिगमनका विरूद्ध पाँच दलीय गठबन्धनको निर्माण र सङ्घर्षको निक्कै ठूलो महत्त्व रहेको छ । ओलीले लादेको प्रतिगमनका विरूद्ध पाँच दलीय गठबन्धनले महत्त्वपूर्ण भूमिका खेलेको थियो । देशमा प्रतिगमन र अधिनायकवादको खतरा कायम रहेको अवस्थामा पाँच दलीय गठबन्धनको बीचको एकता र निरन्तरताको आवश्यकता थियो र छ । पाँच दलीय गठबन्धनले गणतन्त्रका सवालमा सही नीति अपनाए पनि राष्ट्रघाती अमेरिकी सहयोग परियोजना एमसीसीको सवालमा सही नीति अपनाउन नसकेर राष्ट्रियताको विषयलाई गौण बनाएको, उपेक्षा वा राष्ट्रघात गरेका कारण राष्ट्रिय जनमोर्चा पाँच दलीय गठबन्धनबाट अलग हुनु परेको थियो । यद्यपि प्रतिगमनका विरूद्ध स्थानीय तहको निर्वाचनमा पाँच दलीय गठबन्धनसँग तालमेल र सामाञ्जस्यता कायम गरेर जाने

नीति अपनाएर नै गणतन्त्रको रक्षाका लागि भूमिका खेल्न सकिने छ ।

४. नेपालको भूराजनीतिक अवस्थामा नेपालको राष्ट्रियतामा भारतीय साम्राज्यवादका कारणले नै सबैभन्दा गम्भीर खतरा उत्पन्न हुँदै आएको छ । भारतीय साम्राज्यवादले दशकौँदेखि योजनाबद्ध ढङ्गबाट नेपालमा आफ्नो प्रभुत्व कायम गर्न एउटा निश्चित रणनीतिअन्तर्गत काम गर्दै आएको छ । अझ भन् त्यसमा पनि अमेरिकाले एसियामा हिन्द प्रशान्त रणनीति (आइपीएस) लागू गर्न भारतलाई सुरक्षा साझेदार बनाएको छ । विश्व राजनीतिमा चीनसँग अमेरिका र भारतको सम्बन्ध कटुतापूर्ण रूपमा अगाडि बढिरहेको स्थितिमा चार दलीय गठबन्धन, एमसीसीका सम्बन्धमा एमालेको भूमिका र सरकारले एमसीसी सम्झौतालाई संसदबाट पारित गरेका छन् । शुरूदेखि नै एमाले एमसीसी पारित गराउने पक्षमा थियो । यद्यपि आन्दोलनको दबाब तथा एमसीसीका विषयमा तत्कालीन नेकपाभित्र रहेको फरक फरक सोचाइका कारण आफ्नो सरकारको कार्यकालमा एमसीसी पारित गराउन त्यसका लागि सम्भव भइरहेको थिएन । तर ने.का.को सरकारले एमसीसीलाई संसदमा अनुमोदनका लागि प्रस्तुत गरेका अवस्थामा एमाले त्यस विषयमा मौन बसेर अप्रत्यक्ष रूपले काँग्रेसको सरकारलाई एमसीसी पारित गराउन सहयोग गरेको थियो । एमसीसी सम्झौता आइपीएसको अङ्ग भएका कारण नेपाललाई अमेरिका र अमेरिकाको सुरक्षा साझेदार भारतले चीनका विरूद्ध प्रयोग गर्न सक्ने वा आफ्नो मुलुकको विदेश नीति अनुसार डोऱ्याउन सक्ने खतरा देखा परेको छ । नेपाली भूमि चीनका विरूद्ध प्रयोग हुन सक्ने खतरा बढेको छ । जसको परिणाम नेपाल विदेशीहरूको क्रिडास्थल बन्ने तथा चीनसँग सम्बन्धमा अनावश्यक तनाव पैदा हुने छ । त्यसबाट नेपालको राष्ट्रियता, सार्वभौमिकता र अखण्डता खतरामा पर्नुका साथै असंलग्न परराष्ट्र नीति समेत धराशायी हुने र नेपाल युक्रेन वा अफगानिस्तान बन्ने खतरा देखिएको हुनाले एमसीसी जस्तो राष्ट्रघाती सम्झौता खारेज हुनु पर्दछ । भारतीय तथा अमेरिकी साम्राज्यवादले नेपालका विरूद्ध गरिरहेका साम्राज्यवादी तथा

विस्तारवादी षड्यन्त्रका विरूद्ध सङ्घर्ष गरेर नै देशको राष्ट्रियताको रक्षा गर्न सकिनेछ ।

५. नेपाल जस्तो एउटा सानो पिछडिएको र आर्थिक दृष्टिकोणले कमजोर मुलुकका लागि सङ्घीय व्यवस्था उपयुक्त नभएको कुरा सङ्घीयताको अभ्यासको छोटो अनुभवबाट नै पुष्टि भइसकेको छ । सङ्घीयताका कारण नेपालको गणतन्त्र र राष्ट्रियता दुईटैलाई खतरा छ । सङ्घीयताको मुख्य पक्ष प्रदेशको शासकीय स्वरूप नै हो । त्यसलाई खारेज गर्नु पर्दछ । प्रदेशको शासकीय स्वरूपलाई खारेज गरेर त्यसको ठाउँमा प्रादेशिक स्तरको प्रशासनिक स्वरूप वा संरचना कायम गरिनु पर्दछ । सङ्घीय स्वरूपलाई खारेज गरेर त्यसको ठाउँमा प्रजातान्त्रिक विकेन्द्रीयता तथा स्थानीय स्वायत्त शासनाथि आधारित एकात्मक शासन कायम गरिनु पर्दछ ।

६. वर्तमान संविधानले स्थानीय तहलाई संवैधानिक मान्यता दिएको छ । स्थानीय स्वशासनलाई मौलिक हकका रूपमा व्यवस्था गरिनु पर्दथ्यो । कुनै पनि अवस्थामा जनताको स्थानीय स्वशासनको अधिकार कुण्ठित हुनु हुँदैन । कसैबाट त्यो अधिकारलाई कुण्ठित गर्न खोजिए संवैधानिक उपचारको व्यवस्था हुनु पर्दछ । स्थानीय तहका पदाधिकारीहरूको कार्यकालका सम्बन्धमा संविधान र ऐन बाझिएको छ । ऐनलाई संविधान अनुसार परिवर्तन गरिनुपर्ने आवश्यकता छ । थ्रेसहोल्डको व्यवस्था अनुसार मत प्राप्त गर्न नसकेका दलहरूले स्थानीय तहको निर्वाचनमा आफ्नो चुनाव चिन्ह निर्वाध रूपमा प्रयोग गर्न नपाउने अप्रजातान्त्रिक कानुनी व्यवस्था गरिएको छ । स्थानीय निर्वाचनमा आफ्नो चुनाव चिन्ह सहित जनताका बीच गएर जनमत परिक्षण गर्न पाउने अधिकार खोस्ने काम भएको छ । संविधानको मर्म र भावनाका प्रतिकूल रहेको यो व्यवस्थालाई खारेज गरिनु पर्दछ । आफूले प्रयोग गर्दै आएको चुनाव चिन्ह सहित राजनीतिक दलहरूको जनताका बीचमा जान पाउने अधिकारको प्रत्याभूति हुनु पर्दछ ।

७. संविधानले स्थानीय तहका २२ वटा अधिकार क्षेत्रको सुचीलाई संवैधानिक

मान्यता दिइएको छ । त्यसैगरी संविधानको अधिनमा रहेर बनेका कानुनले स्थानीय तहलाई २६ वटा काम, कर्तव्य र अधिकार प्रदान गरेको छ । यसरी हेर्दा स्थानीय तहले जनतालाई प्रत्यक्ष सेवा दिनुका साथै कार्यकारिणी, न्यायीक तथा व्यवस्थापकीय अधिकार समेत उपयोग गरिरहेको छ । तर संविधान र कानुनले स्थानीय तहलाई फराकिलो क्षेत्राधिकार दिए पनि त्यही अनुसारको जनशक्ति साधन, स्रोत, बजेट सरकारले उपलब्ध गराउन सकेको छैन । त्यसको अभावमा स्थानीय तहले सेवा प्रवाहको तथा विकास निर्माणको क्षेत्रमा प्रभावकारी भूमिका खेल्न सकिरहेको छैन । विगत पछिल्ला बजेटको प्रवृत्ति हेर्ने हो भने स्थानीय तहलाई सशर्त अनुदानअन्तर्गतको रकममा बृद्धि गर्रिंदै लगिएको छ भने सामान्यीकरण अनुदानको रकम घटाउँदै लगिएको छ । जसको परिणाम स्थानीय तहले स्थानीय आवश्यकताका आधारमा योजना छनौट तथा कार्यान्वयन गर्ने काममा बाधा पुगिरहेको छ ।

८. नेपालको ७५ प्रतिशत जनसङ्ख्या ग्रामीण क्षेत्रमा बसोबास गर्दछन् । त्यही क्षेत्र गरिबी, रोग, भोक, अशिक्षा, फोहर र पछौटेपनले ग्रस्त छ । तसर्थ ग्रामीण क्षेत्रका योजनाबद्ध सर्वाङ्गीण विकासका लागि बेग्लाबेग्लै क्षेत्रको विशिष्टताका आधारमा ग्रामीण विकासको नीति र योजना बनाइने छ । त्यहाँ बसोबास गर्ने गरिब घर परिवारलाई पहिचान गरी सामाजिक सुरक्षा भत्ताको रूपमा व्यवस्था गरिने छ । ग्रामीण क्षेत्रको विकासका लागि छुट्टै ग्रामीण विकास मन्त्रालयको व्यवस्था गरिने छ ।

९. २०७४ सालमा सम्पन्न स्थानीय तहको निर्वाचनमा राष्ट्रिय जनमोर्चाका ७ वटा अध्यक्ष तथा उपाध्यक्ष र १८७ वटा जनप्रतिनिधिहरू विजयी भएका थिए । राष्ट्रिय जनमोर्चाले विजय प्राप्त गरेका स्थानीय तहमा आवश्यक बजेट, साधन श्रोतको अभावको लगातार सामना गर्नु पर्‍यो । त्यसका साथै हामी विजयी भएका पालिकाहरूमा बजेट दिने सवालमा केन्द्रीय तथा प्रदेश सरकारको हामीप्रतिको विभेदकारी नीतिको पनि सामना गर्नु पर्‍यो । त्यसका बाबजुद पनि जनतालाई सेवा दिने सवालमा प्रभावकारी भूमिका खेल्न हाम्रो पक्षबाट पूरा प्रयत्न भएको छ । पारदर्शी, भ्रष्टाचार रहित

ढङ्गबाट नै हाम्रा जनप्रतिनिधिले काम गरेका छन् । राष्ट्रिय जनमोर्चाबाट विजय हासिल गरेका सीमित पालिकाहरूमा राष्ट्रिय रूपमा गणना गरिने कतिपय नमुना कामहरू समेत गरेका छन् । जस्तै : प्यूठानको झिमरूक गाउँपालिकाले विकासका लागि छुट्याइने बजेटको झण्डै ९२ प्रतिशत रकम विकास कार्यमा खर्च गर्ने गरेको छ । देशभरि नै विकासका लागि छुट्याइएको बजेट मुस्कीलले औषत ४० प्रतिशतसम्म मात्र खर्च हुने गरेको छ । तर झिमरूकले विकास बजेटको लागि छुट्याइएको रकम खर्च गर्ने सवालमा प्रस्तुत गरेको उदाहरण देशभरि विरलै पाइन्छ । झिमरूकमा हाम्रो तर्फबाट विजयी पदाधिकारीहरूले इमान्दारिपूर्वक पारदर्शी तथा भ्रष्टाचाररहित ढंगबाट काम गरेका कारण बेरूजु तथा भ्रष्टाचारको स्थिति झण्डै झण्डै शुन्यमा रहेको छ । सामाजिक विकासका लागि विनियोजित रकम मध्ये ६१ प्रतिशत रकम शिक्षालाई छुट्याउने महत्त्वपूर्ण उदाहरण प्रस्तुत गर्दै आएको छ । ग्रामीण पर्यटनको विकासमा पनि राष्ट्रिय रूपमा नमुना उदाहरण प्रस्तुत गरेको छ । अन्य पालिकाहरूले पनि कतिपय उल्लेखनीय काम गरेका छन् ।

जनताका हित विरूद्ध जाने तथा अनुशासनको उल्लङ्घन गर्ने कतिपय जनप्रतिनिधिलाई कारबाही गर्न समेत हाम्रो पार्टीले कुनै पनि प्रकारको मुलायजा वा उदारता देखाएको थिएन र छैन । राष्ट्रिय जनमोर्चाका प्रतिनिधिहरूले स्थानीय तहको कार्यकालमा जनताका बीच आफ्नो गौरवपूर्ण र उज्वल इतिहास बनाउन सफल भएका छन् । उनीहरूले इमान्दार र निर्भिकताका साथ आफ्नो भूमिका खेलेका थिए र छन् ।

**स्थानीय तहको निर्वाचनमा विजयी हुने राष्ट्रिय जनमोर्चाका उम्मेदवारहरूले निम्न विषयहरूमा विकासका कामहरूलाई प्राथमिकता दिएर अगाडि बढ्ने छन् -**

**विकेन्द्रीयता र सन्तुलित विकास नीति** : देशमा विकास कार्यहरू अत्यन्तै पछाडि परेका छन् । त्यसैले देशको सर्वाङ्गीण विकासमा ध्यान दिनुपर्ने आवश्यकता छ । सीमित रूपमा भएका विकास निर्माण पनि खास ठाउँमा

केन्द्रित छन् । त्यसैले विकास निर्माण ग्रामिण क्षेत्र जिल्ला र प्रदेशहरूमा विकेन्द्रित गरिनु पर्दछ । त्यहाँ पनि पिछडीएका र दुर्गम ठाउँमा विकास पुऱ्याउनु पर्दछ । त्यस्तै विकासमा विशिष्टीकरण र सन्तुलन हुनु पर्दछ ।

**स्थानीय तहमा बढ्दो बेरूजु** : स्थानीय तहमा बेरूजु तथा भ्रष्टाचारको आयतन बढ्दै गइरहेको छ । आ.व. २०७६/०७७ मा २ देखि ५ प्रतिशतसम्म बेरूजु देखिनु चिन्ताको विषय हो । बेरूजुलाई घटाउँदै लैजानु पर्ने आवश्यकता छ । भ्रष्टाचारलाई नियन्त्रण गर्नका लागि प्रभावकारी कदम चाल्नु पर्ने आवश्यकता छ ।

**विपत व्यवस्थापन** : प्राकृतिक विपत तथा महामारीको बेलामा जनतासँग प्रत्यक्ष सम्पर्कमा गएर सेवा गर्ने स्थानीय तह नै भएकोले तत् कामका लागि त्यसलाई साधनस्रोत सम्पन्न बनाइने छ ।

**स्रोत संरक्षण तथा प्रर्वधन** : स्थानीय रूपमा देखिएका खोला, खोल्सी, नाउली तथा मुललाई तत् ठाउँमा नै संरक्षण गरिने छ । पानी बगेर खेर जान दिनु हुँदैन । पानी बगेर जादा स्रोत नष्ट हुने र समुचित सदुपयोग हुन सक्दैन ।

**भ्रष्टाचारको रोकथाम** : आज भ्रष्टाचार महामारीको रूपमा फैलिएको छ । केन्द्रदेखि स्थानीय तहसम्म संस्थागत र परम्परा बनेर फैलिएको छ । भ्रष्टाचार विकासको बाधक मात्र बनेको छैन, यसले राष्ट्रिय राजनीति, समाज र संस्कृतिमा ठूलो विकृति पैदा गरेको छ । यसको रोकथाम र उन्मुलन चुनौतिपूर्ण भए पनि राष्ट्रिय आवश्यकता छ ।

**कृषि र कृषिजन्य उद्योगको विकास** : नेपालको अत्यधिक जनसङ्ख्या कृषि व्यवसायमा सङ्लग्न छन् । तर, कृषि व्यवसाय निर्वाहमुखी छ । त्यसले निर्वाहसम्म नचलेर कृषिको साथै मजदुरी, नोकरी, साना व्यापार व्यवसाय गर्ने गर्दछन् । यो स्थितिबाट मुक्त हुन कृषिमा सहकारीकरणको माध्यमबाट कृषिको उत्पादकत्व र उत्पादनको स्तरमा बृद्धि गर्न यसमा व्यवसायीकरण र आधुनिकीकरण गरिने छ । कृषिजन्य उद्योगहरू खोलिने छन् । बजारको सुनिश्चितता तथा विचौलिया प्रणालीको अन्त गरिने छ । किसानको उत्पादनको

खरिदको जिम्मा स्थानीय तहले लिने छ । यो प्रक्रियाबाट कृषि व्यवसाय र कृषिजन्य उद्योग व्यवसायले कृषि विकासको व्यापक विस्तार हुनेछ । कृषिको विस्तार अन्तर्गत खाद्यान्न, तरकारी, फलफूल, पशुपालन, चराचुरूङ्गी पालन, मत्स्य पालन, मौरी पालन इत्यादि पर्दछन् ।

**स्वदेशी उत्पादनलाई संरक्षण गर्ने विदेशी आयतमाथि नियन्त्रण** : स्वदेशी उत्पादनलाई संरक्षण गर्नका लागि संरक्षणकारी नीति अपनाइने छ । विदेशी आयतमाथि क्रमशः नियन्त्रण गरिने छ ।

**शिक्षा र स्वास्थ्य** : शिक्षा र स्वास्थ्य मानव विकासका आधारभूत कुरा हुन् । शिक्षा वैज्ञानिक, व्यवहारिक र सुलभ हुनुपर्दछ । त्यस्तै स्वास्थ्य सुविधा, स्वास्थ्य शिक्षा र रोग रोकथामका सेवा सर्वसाधारणको पहुंचमा पुर्‍याइने छ । आधारभूत शिक्षा र स्वास्थ साधारण जनतालाई निःशुल्क गरिने छ । गाउँ, बस्ती, टोलमा सरसफाइको व्यवस्था गरिने छ ।

**विद्यार्थीले बीचैमा कक्षा छोड्ने समस्या** : शिक्षामा सबैको पहुँचको अभावका कारण विद्यार्थीहरूले बीचैमा कक्षा छोड्ने (ड्रपआउट) समस्या शिक्षा क्षेत्रमा विकराल रूपमा देखा परेको छ । यो समस्यालाई समाधान गर्न आवश्यक नीति र योजना बनाइने छ ।

**प्राकृतिक श्रोत, साधनको समुचित उपयोग** : प्राकृतिक श्रोत, साधनमा जमिन, जल, जंगल, जडिबुटी, खानी, हिमाल आदि पर्दछन् । यिनको योजनाबद्ध उपयोग र विकास गर्ने नीति हुनुपर्दछ । राज्य वा व्यक्तिले यिनको सौदावाजी गर्ने स्थितिको अन्त्य गरिने छ । तिनमा स्थानीय जनताको अग्राधिकार कायम गरिने छ । स्थानीय लगानी र जनसहभागितामा साना जलविद्युत आयोजनाको निर्माण गरिने छ । देशमा लोडसेडिङको अन्त हुनु पर्दछ । पहाडी क्षेत्रका टार र तराईमा सिंचाईको व्यवस्था गरिने छ । देशका कैयन् ग्रामीण बस्ती र शहरमा समेत खानेपानीको राम्रो प्रबन्ध गरिने छ ।

**दक्ष जनशक्ति निर्माण र बेरोजगारीको अन्त्य** : दक्षता नहुने, श्रमशक्तिको निर्यात गर्ने, बौद्धिक पलायनता र भाडामा सैनिक पठाउने

दुर्भाग्यपूर्ण स्थितिको अन्त्य हुनु पर्छ । देशभित्र दक्ष जनशक्तिको निर्माण र रोजगारीको सुनिश्चित हुनु पर्दछ । रोजगारीको सुनिश्चितता नभए स्वावलम्बी पेशाको लागि राज्यले सहयोग गर्ने सुनिश्चितता हुनुपर्दछ ।

**यातायात र ढुवानी** : देशमा हिमाल, पहाड र तराई जोड्ने उत्तर-दक्षिण राजमार्ग, पूर्व-पश्चिम मध्यपहाडी राजमार्ग, पूर्व-पश्चिम रेलमार्ग आदिको चाँडै निर्माण र विद्यमान सडकको स्तरोन्नति हुनुपर्छ । सबै जिल्ला सदरमुकामहरूमा पक्की सडक यातायात पुऱ्याइने छ । देशभर ग्रामीण सडक सञ्जाल विस्तार गर्न प्रयत्न गरिने छ ।

**उद्योगधन्दाको स्थापना** : राष्ट्रिय स्तरमा ठुला उद्योगधन्दा र ग्रामीण वा स्थानीय स्तरमा साना वा घरेलु उद्योगधन्दाको विकास गरिने छ ।

**पिछडिएका समुदाय र दुर्गम क्षेत्रको विकास** : विशेष गरी कर्णाली अञ्चल, दुर्गम पहाडी, हिमाली र तराईका पिछडिएका बस्ती सहित जातीय समुदाय वा क्षेत्रीय रूपमा पिछडिएका जनतालाई त्यो स्तरमा सुविधा र विकास पुऱ्याइने छ । तिनीहरूलाई राज्यले विशेष सुविधा र सेवा प्रदान गर्नुपर्छ । उनीहरूलाई विद्युत, यातायात, खानेपानी, सिंचाई, शिक्षा, स्वास्थ्य, बजार प्रवर्द्धन, सुपथ मूल्यका पसल आदिका सुविधा प्रदान गरिने छ । पिछडिएका समुदाय र क्षेत्रको विकासमा योजनाबद्ध प्रकारले काम गरिने छ ।

**पर्यटनको विकास** : पर्यटनलाई उद्योगको रूपमा विकास गरिने छ । पर्यटन क्षेत्रको विकासका संभावनाहरूको अध्ययन अनुसन्धान गरी त्यस क्षेत्रको गुरूयोजना बनाई काम गरिने छ । राष्ट्रिय महत्त्वका क्षेत्रको पूर्वाधार निर्माण गरिने छ । ग्रामीण होमस्टेको विकास र विस्तार गरिने छ ।

**ग्रामीण पर्यटन** : आ-आफ्नो पालिकाको क्षेत्रभित्र ग्रामीण पर्यटनको सम्भाव्यता अध्ययन गरी खास-खास त्यस प्रकारका स्थानहरूलाई पर्यटन क्षेत्रको रूपमा घोषणा गरी त्यसको योजनाबद्ध विकासमा ध्यान दिइने छ ।

**प्रदुषण नियन्त्रण** : राजधानी लगायत मुख्य शहरहरूमा प्रदुषणको नियन्त्रण गरिने छ । फोहरमैलाको राम्रो व्यवस्थापन गरिने छ, खानेपानीको

व्यवस्था गरिने छ, नदीहरूको सफाई गरिने छ, विद्युत तथा इन्धनको आपूर्तिको व्यवस्था गरिने छ, अपराधको नियन्त्रण गरिने छ, ट्राफिक व्यवस्था गरिने छ, शहरी विकास र पुर्नवासको व्यवस्था गरिने छ ।

**इन्धन आपूर्ति** : विद्युत, डिजेल, पेट्रोल, मट्टितेल, ग्याँस आपूर्तिको दीर्घकालीन र अल्पकालीन प्रभावशाली व्यवस्था गरिने छ ।

**श्रोत साधनको न्यायपूर्ण वितरण** : विकासको प्रतिफल तथा राज्यका श्रोत साधनको सामाजिक न्यायका आधारमा वितरण गरिने छ ।

**सामाजिक सुरक्षा** : जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति, अनाथ, असहाय र बालबालिकाहरूलाई राज्यले संरक्षण दिनु पर्छ । उनीहरूलाई शिक्षा, स्वास्थ, मनोरन्जन, यातायात, बाल उद्यान, बृद्धाश्रमको उचित व्यवस्था गरिने छ ।

**पुनर्स्थापना** : खेत मजदुर, हली, गोठाला, खेताला, मुक्त कमैया, हरूवा, चरूवा, कमलरीहरूको जीवननिर्वाह, बसोबास र पुनर्स्थापना हुनु पर्दछ । विभिन्न प्रकारका विपत पीडितलाई पुर्नस्थापित गर्नु पर्छ वा सहज तरिकाले राहत तुरून्त उपलब्ध गराइने छ ।

**एकीकृत बस्ती विकास** : आजको अव्यवस्थित बसोबासले शहर र गाउँमा समेत धेरै समस्याहरू पैदा भएका छन् । प्राकृतिक प्रकोपबाट ठुलो जनधनको क्षति, विद्युत, सञ्चार, यातायात, शैक्षिक संस्था, स्वास्थ्य संस्था, सेवाकेन्द्र र अन्य सेवा विस्तार वा पहुँचमा समस्या र तिनको लागत खर्च आदि दृष्टिले उपयुक्त छैन । तसर्थ, शहरी विकास जस्तै ग्रामीण विकास मन्त्रालयको व्यवस्था गरी वैज्ञानिक रूपमा बस्तीको विकास गरिने छ ।

**पर्यावरण संरक्षण** : आज पर्यावरणको समस्या विश्वव्यापी समस्या हो । विकसित देशमा एकप्रकारको समस्या छ भने विकासोन्मुख देशमा अर्को प्रकारका समस्या छन् । पर्यावरण संरक्षणको लागि वन जङ्गलको संरक्षण गरिने छ, चुरे पहाडका बालुवा, गिट्टी, माटो, चुनढुङ्गा आदिको अनियन्त्रित उत्खनन् रोकिने छ । काठमाडौँको धुलो, धुँवा फोहरको नियन्त्रण गरिने छ । कार्बन वा

हानिकारक ग्याँस उत्खनन् गर्ने उद्योगहरू बस्तीदेखि टाढा सारिने छ ।

**पूरातात्विक सम्पदाको संरक्षण** : ऐतिहासिक, पुरातात्विक र सांस्कृतिक महत्त्वका सम्पदाहरूको संरक्षण र संवर्द्धन गरिने छ ।

**भू-उपयोग नीति** : कृषियोग्य भूमिलाई बाँझो राख्न पाइने छैन । बाँझो राख्नेको भूमिलाई कृषकहरूलाई लिजमा दिने व्यवस्था मिलाइने छ । दिनप्रतिदिन घडेरीका लागि गरिने प्लटिङ्गले कृषियोग्य भूमि खण्डित हुँदै गएको छ । त्यसो हुन नदिन बसोबास, उद्योग, बजार, कृषिका लागि बेग्लाबेग्लै क्षेत्र निर्धारण गरिने छ ।

**सङ्क्रामक रोगका विरूद्ध** : सङ्क्रामक रोग फैलिन नदिन, रोकथाम, उपचार र निर्मूलका लागि सङ्क्रामक रोगका विरूद्ध लड्न स्थानीय स्तरलाई अधिकार प्रत्यायोजन गरिनु पर्दछ । ग्रामीण स्तरमा स्वास्थ्य जनशक्ति, अस्पताल, प्रयोगशाला लगायतका आवश्यकीय भौतिकपूर्वाधारको निर्माणका लागि ध्यान पुऱ्याइने छ ।

**छाडा चौपाया** : छाडा चौपायाको नियन्त्रणका लागि आवश्यक कार्ययोजना बनाइ लागु गरिने छ ।

उपरोक्त प्रतिबद्धताका साथ राष्ट्रिय जनमोर्चाका उम्मेदवारहरू निर्वाचनको मैदानमा छन् । जसरी आजसम्म हाम्रो पार्टी र हाम्रा जनप्रतिनिधिहरूले संसद र बाहिरका सङ्घर्षमा इमान्दार र निर्भिकताका साथ भूमिका निर्वाह गरेका छन्, त्यसरी नै गाउँपालिका तथा नगरपालिकामा पनि भूमिका खेल्ने कुरामा कुनै शङ्का छैन । तसर्थ, २०७९ बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा राष्ट्रिय जनमोर्चाका उम्मेदवारहरूलाई विजयी बनाउन सम्पूर्ण जनतासँग अनुरोध गर्दछौँ ।

धन्यवाद !

**राष्ट्रिय जनमोर्चा**
केन्द्रीय कार्यालय